# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड १ भक्तपुर, माघ १० गते, २०७४ साल संख्या २


## भाग १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको दोश्रो नगर सभा २०७४ बाट पारित भएको तल लेखिए वमोजिमको नीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७४ सालको नीति

## भक्तपुर नगरपालिका नगर खेलकुद सम्बन्धी नीति २०७४

प्रस्तावनाः

खेलकुदको माध्यमबाट समाजमा अनुशासन कायम राख्न, स्वस्थ नागरिक तयार गर्न, बस्ती (समाज) सफा राख्न, धुम्रपान, मद्यपान र लागू पदार्थ सेवन तथा छाडा संस्कृतिबाट युवाहरुलाई बचाउन, देशको सार्वभौमिकता रक्षा गर्न र स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई परिश्रम र परिवर्तनप्रति सचेत नागरिक बनाउन, राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा ख्याति कमाउने उद्देश्यका साथ भक्तपुर नगरपालिकाले २०४३ सालदेखि नगर खेलकुद समिति मार्फत विभिन्न गतिविधिहरु गर्दै आएको र आगामी दिनहरुमा अझ व्यवस्थित रुपमा कार्यक्रम संचालन गर्न आवश्यक नीति नियमको व्यवस्था गर्न वाञ्छनीय भएको हुँदा भक्तपुर नगरपालिका नगर खेलकुद सम्बन्धि नीति २०७४ बनाइएको छ ।

परिच्छेद–१

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यो नीतिको नाम ‘‘भक्तपुर नगरपालिका, नगर खेलकुद सम्बन्धि नीति २०७४ रहनेछ ।

१.२ यो नीति तुरन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अको अर्थ नलागेमा यस नीतिमा,–

२.१ ''नीति'' भन्नाले"भक्तपुर नगरपालिका, नगर खेलकुद सम्बन्धिको नीति २०७४" भन्ने सम्झनुपर्छ।

२.२ ''युवा तथा खेलकुदसमिति'' भन्नाले भक्तपुर नगरपालिकाको बोर्ड बैठकबाट गठित युवा तथा खेलकुद विकास समिति भन्ने सम्झनु पर्छ।

२.३ ''नगर खेलकुद समिति'' भन्नाले भक्तपुर नगरपलिकाको बोर्ड बैठकबाट गठित नगर खेलकुद समिति भन्ने सम्झनु पर्छ।

२.४ ''टिम, क्लब, संघ, संस्था'' भन्नाले भक्तपुर नगरपालिकामा तोकिए बमोजिम दर्ता भएका भक्तपुर नगर क्षेत्र भित्रका टिम, क्लव र संघसंस्थाहरु भन्ने सम्झनु पर्छ।

२.५ ''खेलाडी'' भन्नाले टिम, क्लव संघसंस्था सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ।

२.६ ''प्रशिक्षार्थी'' भन्नाले भक्तपुर नगरपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने सम्झनु पर्छ।

२.७ ''प्रशिक्षक'' भन्नाले भक्तपुर नगरपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव संघ संस्था खेल प्रशिक्षण समितिमा सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ।

२.८ ''प्रशिक्षण समिति'' भन्नाले नगर खेलकुद समिति अन्तर्गत भक्तपुर नगरपालिका क्षेत्र भित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्छ।

२.९ ''खेलकुद विकास कोष'' भन्नाले भक्तपुर नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ।

२.१० ''खेलाडी विवरण'' भन्नाले टिम, क्लब, संघ संस्थाहरुले आफ्नो टिम, क्लब, संघ संस्थामा आबद्ध भनि प्रमाणित गरी प्रत्येक महिना नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ।

२.११. ''खेलकुद पदाधिकारी'' भन्नाले खेलकुद सम्बद्ध समिति, उपसमितिका पदाधिकारी भन्ने सम्झनु पर्छ।

परिच्छेद – २

## नगर खेलकुद समितिका उद्देश्यहरु

३.१ नगरको कला, संस्कृति र खेलकुदको विकास र प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुऱ्याउने,

३.२ नगरभित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा सम्बद्ध खेल प्रशिक्षण निकायका बीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्ने,

३.३ स्वस्थ प्रतिस्पर्धाको भावना जागृत गराई देशभक्त, स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी, नैतिकवान, जागरुक र परिवर्तनप्रति सचेत नागरिक तयार गर्ने,

३.४ टोल, गल्ली, चोक र सडक आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघ संस्थालाई परिचालन गर्ने ।

३.५ खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावनाप्रति सचेत गराउने,

३.६. खेलकुदमा महिला सहभागिता अभिवृद्धि गर्न प्रोत्साहन गर्ने,

३.७ खेलकुद विकासको निम्ति भौतिक पूर्वाधारहरु तयार गर्न विभिन्न सामाजिक संस्था, विद्यालय र सरकारी निकायहरुलाई पनि सरिक गराउने,

३.८ खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने,

३.९ बौद्धिक श्रम गर्ने विद्यार्थी, शिक्षक र बुद्धिजीवीहरुलाई समेत शारीरिक व्यायाम र खेलकुदको व्यवस्था गर्न सहयोग पुऱ्याउने,

३.१० भक्तपुर नगरपालिकाभित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने,

३.११ टिम, क्लब, संघ संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडास्तरीय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने,

३.१२ नगरपालिका अन्तर्गतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्था गर्न प्रोत्साहन गर्ने ।

## परिच्छेद - ३
## नगर खेलकुद समितिको गठन र बैठक कार्यविधि

४. भक्तपुर नगरपालिकाको बोर्ड बैठकबाट देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद समिति गठन गर्न सक्नेछ ।

४.१ भक्तपुर नगरपालिका युवा तथा खेलकुद विकास समितिको संयोजक- अध्यक्ष

४.२ युवा तथा खेलकुद विकास समितिका सदस्यहरु- सदस्य

४.३ नगरपालिकाको प्रत्येक वडाबाट न.पा.ले मनोनयन गरेको १० जना सदस्य

४.४ न.पा.ले तोकेको कर्मचारी सदस्य सचिव

५. नगर खेलकुद समितिको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ ।

६. नगर खेलकुद समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ ।

७. बैठकको अध्यक्षता, निर्णय कार्यान्वयनको मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

८. सदस्य सचिवले पत्राचार गर्ने, अभिलेख राख्ने, निर्णय किताबको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूची र सामाग्री जुटाउने छ ।

९. बैठक (माइन्यूटिंग) उठाउने र बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने सचिवको मुख्य जिम्मेवारी हुनेछ ।

परिच्छेद - ४

## खेलकुद प्रतियोगिता व्यवस्थापन

१०. नगर खेलकुद समिति आफैले वा नगरपालिकामा दर्ता भएका टीम, क्लवहरु मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्ने छ ।

११. नगर खेलकुद समिति आफै वा नगरभित्रका टीम, क्लव मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टीमसंग मैत्रीपूर्ण खेलकुदको आयोजना गर्ने, गराउन सक्नेछ ।

१२. नगर खेलकुद समितिले आवश्यकता अनुसार एक सल्लाहकार समिति गठन गर्न सक्नेछ ।

१३. नगर खेलकुद समिति अन्तर्गतका प्रशिक्षकहरुलाई स्तरीकरण गर्ने तालिमको व्यवस्था गर्न सक्नेछ ।

परिच्छेद - ५

## नगर क्षेत्रभित्रका टीम, क्लव र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

१४. भक्तपुर नगरपालिकाभित्रका टीम, क्लव, समिति र संस्था आदिले नगर खेलकुद समितिको उद्देश्य नीति, नियमलाई पालना गरी खेलकुद विकास गर्न चाहेमा फाराम शुल्क रु. १०।-, दर्ता शुल्क रु. २५०।- र सम्बन्धित वडाअध्यक्षको सिफारिस सहित फाराम बुझाई नगरपालिकामा दर्ता गर्नु पर्नेछ । वार्षिक रुपमा नवीकरण फाराम शुल्क रु. २५०।- का साथ दर्ता नवीकरण समेत गर्नु पर्नेछ ।

१५. दर्ता भएका टीम, क्लव, पुस्तकालयले जुनसुकै प्रतियोगिता गर्नु भन्दा अगाडि नगर खेलकुद समितिबाट स्वीकृति लिनु पर्नेछ ।

१६. दर्ता र नवीकरण गर्नुभन्दा पहिले नगर खेलकुद समितिबाट सम्बन्धित ठाउंमा निरीक्षण गर्न सक्नेछ ।

१७. नगरपालिकाले नगर खेलकुद समितिमा दर्ता भएका टीम, क्लव, संघ, संस्थाहरुले नगर खेलकुद समितिको उद्देश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई निम्नानुसार आर्थिक सहयोगको लागि नगरपालिकामा सिफारिस गर्न सक्नेछ ।

१७.१ वडाव्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. १०,०००।-

१७.२ नगरव्यापी प्रतियोगिताको लागि (वर्षमा १ पटक) बढीमा रु. १५,०००।–

१७.३ जिल्लाव्यापी प्रतियोगिताको लागि (बर्षमा १ पटक) बढीमा रु. २०,०००।–

१७.४ उपत्यका, प्रादेशिक वा राष्ट्रिय प्रतियोगिताका लागि (बर्षमा १ पटक) बढीमा २५,०००।–

१७.५ नगरको परिचय तथा कला, संस्कृतिमा विशेष योगदान पुऱ्याउने प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुऱ्याउन भ.न.पा. बोर्ड समक्ष सिफारिस गरी सक्दो आर्थिक सहयोग पुऱ्याउने छ।

१७.६ खेलकको स्वरुप र स्तर हेरी नगर खेलकुद समितिले आर्थिक सहयोग रकम उपलब्ध गराउन नगरपालिकालाई सिफारिस गर्न सक्नेछ।

१७.७ नगर खेलकुद समिति अन्तर्गत प्रत्येक वडामा खेलकुद समिति रहनेछ।

## परिच्छेद – ६

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्थापन

१८. नगरपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक र टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

१९. खेलकुद विकासको लागि सभा, सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ।

२०. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तराष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मानमा बधाई तथा अभिनन्दन कार्यक्रम आयोजना गर्न सक्नेछ।

२१. भक्तपुर नगरको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यकता अनुसार टीम, क्लव, संघ संस्थाका प्रतिनिधिहरुको ऱ्याली वा बैठक बोलाउन सक्नेछ।

## परिच्छेद – ७

## खेलकुद प्रतियोगितामा व्यवस्थापन

२२. अन्तर नगरपालिकालगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा भक्तपुर नगरपालिका टीम, क्लब, संघ संस्था वा विद्यालय/कलेजलाई सहभागी गराउन सक्नेछ।

२३. नगरपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीमका खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ।

२३.१ उपत्यका भित्र भाग लिन जानेको हकमा

क) प्रतियोगितामा भाग लिन जांदा खान, बस्न र पारवहनका लागि लाग्ने खर्च नगरपालिकाले व्यहोर्नेछ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन ५००।– दरले प्रोत्साहन भत्ता उपलब्ध गराईने छ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु. ३,०००।– सम्मको सुविधा दिने सक्नेछ ।

२३.२ उपत्यका बाहिर भाग लिन जानेको हकमा

क) प्रतियोगितामा भाग लिन जांदा खान, बस्न र पारवहनका लागि लाग्ने खर्च नगरपालिकाले व्यहोर्नेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रतिदिन ७००।– दरले प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा वार्षिक रु. ३,०००।– सम्मको सुविधा दिने सक्नेछ ।

घ) प्रतियोगितामा जान आउन सम्भव भएसम्म स्थलमार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद – ८
## तालिम तथा प्रशिक्षण व्यवस्थापन

२४. भक्तपुर नगरपालिकाले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नको लागि आवश्यकता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२५. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद समितिका प्रतिनिधि र वडाध्यक्षको सिफारिस सहित नगर खेलकुद समितिको निर्धारित फाराम बुझाई आवेदन दिनु पर्नेछ ।

२६. प्रशिक्षार्थीहरुले फाराम शुल्क रु. १०।–, मासिक शुल्क रु. ५०।– बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु. २००।– लाग्नेछ ।

२७. प्रशिक्षणमा सहभागी टिम–क्लब, विद्यालयहरु भएको हकमा ६ देखि १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनुपर्ने र फाराम शुल्क रु. १०, दर्ता शुल्क रु. ५००।– लाग्ने छ ।

२८. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुासर सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक र  एकजना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ ।

२९. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ वर्षको लागि हुनेछ । आवश्यकता अनुसार म्याद थपघट गर्दै जानेछ ।

३०. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनुपर्नेछ ।

३१. प्रशिक्षकले आवश्यक सामानको सूची तयार गरी न.पा.मा माग गर्ने, खेलाडीबाट मासिक शुल्क उठाउने, प्रशिक्षण सामग्रीको अभिलेख राखी हिफाजत गर्ने,

प्रशिक्षार्थीहरुलाई नियमित र अनुशासनमा राख्ने र पाकेज प्रोग्राम(प्रशिक्षण) र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३२. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नु पर्नेछ ।

३३. कुनै कारणवस एक महिना वा सोभन्दा बढी खेल प्रशिक्षण हुन नसकेमा नगर खेलकुद समितिले निर्णय गरी प्रशिक्षण स्थगित गर्न सक्नेछ । स्थगित खेलका प्रशिक्षार्थीहरुसंग मासिक शुल्क उठाउने छैन र प्रशिक्षकलाई करार बमोजिम पारिश्रमिक रोक्का गरिनेछ ।

३४. स्थगित गरिएका प्रशिक्षण कार्यलाई पुनः संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा नगर खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३५. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा भ.न.पा बोर्डलाई अनुरोध गरी स्वीकृति भए अनुसार गरिनेछ ।

## परिच्छेद – ९
## नगर खेलकुद विकास कोषको व्यवस्था

३६. खेलकुद सम्बन्धी तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि भक्तपुर नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३७. कोषकाश्रोतहरु देहाय बमोजिम हुनेछन् ।

३७.१ नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, जिल्ला खेलकुद विकास समिति र अन्तर्राष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

३७.२ विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

३७.३. खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क, मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

३७.४ नगरभित्रका टीम, क्लव दर्ता आवेदन शुल्क, नवीकरण शुल्क, फाराम शुल्क

३८. यस कोषको संचालन भ.न.पा बोर्डको निर्णय अनुसार हुनेछ ।

३९. नगर खेलकुद समितिको अध्यक्षले बढीमा रु. ५०००।– सम्म कोषबाट खर्च लेखिने गरी आकस्मिक  रुपमा खर्च गर्न गराउन सक्नेछ र सो को पेश्की फछर्यौट नियमानुसार गर्नुपर्नेछ ।

## परिच्छेद – १०
## निर्माण तथा मर्मत

४०. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४१. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा सचिवको माग अनुसार नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाले मर्मत संभार गर्नेछ ।

४२. खेलकुद भवन, मैदान आदिको व्यवस्था गर्न नगर खेलकुद समितिले भक्तपुर नगरपालिकाको बोर्ड बैठकलाई अनुरोध गर्नेछ ।

## परिच्छेद – ११

## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४३. यूवा तथा खेलकुद विकास समिति अन्तर्गत नगर खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ । विषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय वमोजिम हुनेछन्–

४३.१ नगर खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरी ३ देखि ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिने छ ।

४३.२ यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरीक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

४३.३ यस समितिले सम्बन्धित खेलकुदप्रति जनमानसको आकर्षण बढाउने कार्य गर्नेछ ।

४३.४ प्रशिक्षणको लागि आवश्यक सामग्री जुटाउन मद्दत गर्नेछ ।

४३.५ प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ्ग, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

४३.६ प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउने छ ।

४३.७ नगर खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गर्न लगाउने छ ।

४३.८ प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण दिन अनुमतिको लागि आवेदन बुझिलिने कार्य गर्नेछ ।

४३.९ यस समितिको संयोजकको आदेशानुसार कम्तीमा २ महिनाको १ पटक बस्नेछ ।

४३.१० नगर खेलकुद समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनेछ ।

४३.११ अनुशासनको कार्वाही गर्ने क्रममा गल्ती हेरी स्पष्टीकरण, चेतावनी वा निलम्बन गर्न सक्नेछ । तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निष्काशन गर्न सक्नेछ ।

४३.१२ आनुशासनको कार्वाही गर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिइनेछ । तर प्रशिक्षण समितिको प्रतिवेदनमाथि नगर खेलकुद समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४४.१३ नगर खेलकुद समितिको निर्णयअनुसार आवश्यक थपघट वा संशोधन सुधार गर्न सकिनेछ ।

## परिच्छेद – १२

## अनुशासनको कार्वाही, दण्ड, सजाय र पुरस्कार

४४. आनुशासनको कार्वाही : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यपस्थापक समेतले विषयगत खेलको आचारसंहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचारसंहिताको उलंघन गरेमा, देहाय बमोजिमको आचरण वा कार्य गरेमा प्रशिक्षण समितिको निर्णय अनुसार अनुशासनको कार्वाही गर्न सक्नेछ ।

४४.१ नगर खेलकुद समिति र त्यस अन्तर्गतका समितिको बदनाम (अहित) हुने कार्य गरेमा ।

४४.२ समितिको नीति, नियम, निर्देशन र निर्णय विपरीत कार्य गरेमा ।

४४.३ गोप्यता भंग गरेमा ।

४४.४ अनैतिक कार्यमा संलग्न रहेको जानकारी पाएमा ।

४४.५ अनुमति विना अन्य संस्थासित संलग्न रही खेलकुद कृयाकलाप गरेमा ।

४४.६ प्रशिक्षार्थीले तोकेको शुल्क नबुझाएमा ।

४५. दण्ड सजाय : खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यपस्थापक लगायत र खेलकुदमा संलग्न नगर खेलकुद समितिमा दर्ता भएका कुनै टीम, खेलाडी, प्रशिक्षक, आयोजक र पदाधिकारीहरुले खेलभावना, खेलकुदको उद्देश्य, आचारसंहिता र खेल नियम विपरीत आचरण गरेमा विषयगत प्रशिक्षण समितिको सिफासिमा वा प्रतियोगिता आयोजक वा प्रशिक्षक वा व्यवस्थापकको सिफारिसमा नगर खेलकुद समितिले निलम्बन, निष्काशन, नसिहत, लगायतका दण्ड सजाय दिन

सक्नेछ र सो व्यक्ति, संस्थालाई कानूनी कार्यवाही गर्न राष्ट्रिय खेलकुद परिषद लगायत सम्बन्धित निकायमा लेखी/जानकारी पठाउने छ।

४६. नगरखेलकुद समितिको स्विकृती लिनुपर्ने : नगर खेलकुद समितिले दिईराखेको प्रशिक्षणमा संलग्न खेलाडीहरुले कुनै पनि प्रतियोगितामा कारणवस अन्य संघ संस्थाबाट सहभागी हुनुपर्ने अवस्था भएमा सम्बन्धित प्रशिक्षकको सहमति सहित नगर खेलकुद समितिको स्वीकृति लिनु पर्नेछ। विना स्वीकृति प्रतियोगितामा भाग लिई हानी–नोक्सानी पुऱ्याएको खण्डमा आफै जिम्मेवार हुनेछ।

४७. खेलकुद सम्मान र पुरस्कार : नगरभित्रका कुनै खेलाडी वा नगरपालिकाको प्रतिनिधित्व गर्ने कुनै पनि खेलाडीले राष्ट्रिय प्रतियोगितामा उल्लेखनीय पदक प्राप्त गरेको वा अन्तराष्ट्रिय प्रतियोगितामा सहभागी जनाई नगरपालिका र देशको प्रतिनिधित्व गरेको खण्डमा यस नगर खेलकुद समितिले आवश्यक मुल्याकंन र निर्णय गरी समय समयमा त्यस्ता खेलाडीहरुलाई सम्मान र पुरस्कारको लागि नगरपालिकामा अनुरोध गरी सम्मानित र पुरस्कृत गर्न गराउन सक्नेछ।

## परिच्छेद - १३
## विविध

४८. नगर खेलकुद समितिबाट प्रशिक्षण र प्रतियोगिता संचालन गर्न कुनै विशेष सामान, भवन र जग्गा भाडामा लिन सक्नेछ।

४९. प्रशिक्षण र प्रतियोगिता समयमा कुनै खेलाडीलाई सामान्य चोटपटक भएमा नगर खेलकुद समितिको कोषबाट खर्च गरिनेछ। तर सख्त बिरामी, चोटपटक भएमा बोर्डको निर्णय अनुसार औषधी उपचार गराईने छ।

५०. कुनै पनि नीति नियम वा यस अर्न्तगत आर्थिक सहयोग, सुविधा तथा शुल्कको सवालमा समय र परिस्थिति अनुसार थपघट वा संसोधन गर्नु परेमा युवा तथा खेलकुद विकास समितिको सिफारिसमा नगरपालिका बोर्ड वैठकले आवश्यक निर्णय गर्न सकिनेछ।

५१. खेलकुद प्रतियोगिताको सिलसिलामा कुनै खेलाडी प्रशिक्षक वा व्यवस्थापक घाइते भई शरीरको कुनै अंग अपाङ्ग भएमा वा त्यस्ता व्यक्तिको परिवारलाई प्रोत्साहन स्वरुप आर्थिक सहयोग वा रोजगारको व्यवस्था गर्न भ.न.पा बोर्डमा सिफारिस गर्नेछ। खेलकुद प्रतियोगितामा भाग लिने प्रशिक्षक, खेलाडी र व्यवस्थापकको आवधिक विमाको व्यवस्था समेत गर्नेछ।

५२. यस नीतिमा आवस्यकतानुसार नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाले संशोधन गर्न सक्नेछ ।

आज्ञाले
(रोहित राज पोखरेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७४ माघ १० गते

---

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८